# मर्स्याङ्दी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## पशु सेवा शाखा

भुलभुले,लमजुङ

गण्डकी प्रदेश नेपाल

२०७३

# "मर्स्याङ्दी गाउँपालिकाको गोरु पालक किसानहरुलाई प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि २०८३"

# "मर्स्याङ्दी गाउँपालिकाको गोरु पालक किसानहरुलाई प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि २०८३"

**प्रस्तावनाः**

गोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थाले पछी यसको संरक्षण गर्न तथा गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो हुने क्रम बढेपछि कृषकहरुलाई प्रोतसाहन लागि यस कार्यक्रम गर्न लागिएको हो। धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरण महत्व बोकेको स्थानीय जातको गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने र स्थानीय जातको पशुको आनुवांशिक स्रोत संरक्षण गर्दै जैविक मलको माध्यमद्वारा जग्गा जमिनको उब्जाउ क्षमता समेत संरक्षण गर्ने तथा मर्स्याङ्दी गाउँपालिका क्षेत्र भित्रका किसानहरुको आर्थिक स्थिति कमजोर भएका कृषकहरुको आर्थिक स्थितिमा सुधार ल्याउन कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले तथा मर्स्याङ्दी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७५ को दफा ३६ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५ को दफा २ बमोजिम मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाद्वरा यो कार्यविधी तर्जुमा गरेको छ।

**१. प्रारम्भिकः संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम **"मर्स्याङ्दी गाउँपालिकाको गोरु पालक किसानहरुलाई प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि २०८३"** रहनेछ।

क) यो कार्यविधि मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यापालिकाको कार्यालय भुलभुले, लमजुङ लाई सम्झनु पर्दछ।

ख) कार्यक्रम" भन्नाले हलगोरु जोत्नेगरी पाल्नेलाई अनुदान कार्यक्रम सम्झनु पर्दछ।

ग) "शाखा" भन्नाले मर्स्याङ्दी गाउँपालिका पशु सेवा शाखालाई सम्झनु पर्दछ।

घ) "कार्यदल" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने कार्यदल समिति सम्झनु पर्दछ।

अर्जुन गुरुङ
अध्यक्ष

ङ) "कार्यविधि" भन्नाले हलगोरु पाल्ने किसानहरुलाई प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि २०८३ सम्झनु पर्दछ।

च) "गोरु" भन्नाले खेत बारिमा जोत्न योग्य गोरुलाई सम्झनु पर्दछ।

## ३. कार्यक्रमको उदेश्यः

कार्यक्रमको उदेश्य देहाय बमोजिमको हुनेछ

क) गोरुको संरक्षण गर्ने

ख) खेत बारि बाझो हुन बाट जोगाउने

ग) प्रांगारिक मलबाट किसानलाई कृषिमा आत्मनिर्भर बनाउने

घ) आयस्तर कमजोर भएको किसानलाई लक्षित गरि कार्यक्रम गर्ने

## ४. कार्यक्रमको क्षेत्र समबन्धि व्यवस्था

कार्यक्रमको क्षेत्र मर्स्याङ्दी गाउँपालिकाको सम्पुर्ण वडा रहनेछ।

## ५. कार्यक्रम संचालन प्रकृयाः

क) मर्स्याङ्दी गाउँपालिकाको कार्यालयले कार्यक्रमको प्रस्ताव सम्बन्धी सूचना (अनुसूची-१) बमोजिम कम्तिमा २१ दिनको म्याद राखि सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचना गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

ख) कार्यालयबाट प्रकाशन भएको सूचना बमोजिम निवेदकले अनुसूची-२ बमोजिमको निवेदन तथा अनुसूची-३ बमोजिमको दोहोरो अनुदान नलिएको स्वःघोषणा पत्र सोझै मर्स्याङ्दी गाउँपालिकाको पशु सेवा शाखामा दर्ता गराउन सक्नेछ।

ग) दर्ता भएका कृषकको छनोट यसै कार्यविधि बमोजिम गठन भएको कार्यदल समितिले गर्नेछ।

घ) निश्चित मापदण्ड पुगेका साथै कार्यदल समितिबाट छनोट भएका लाभग्राहिलाई प्रदान गरिने अनुदान रकम सोझै लाभग्राहिको बैङ्क खातामा भुक्तानी अथवा सोझै रकम उपलब्ध गराईनेछ ।

ङ) अनुदान रकम मर्स्याङ्दी गाउँपालिकाको पशु सेवा कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम हुनेछ।

## ६. कृषक छनोटको आधार तथा मापदण्ड

कृषक छनोटको आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ।

क) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरूची भएको ।

ख) खेतमा सम्पूर्ण खेत जोत गर्ने काम गोरुले गर्ने किसान हुनुपर्नेछ।

ग) कम्तिमा एक हल स्थानिय जातको गोरु हुनुपर्नेछ।

घ) सूचना प्रकाशन हुनु भन्दा अगाडि देखि सो गोरु पालेको हुनुपर्नेछ।

ङ) कुनै पनि निकायबाट हाते ट्रयाक्टर अनुदानको रुपमा नलिएको एवं दोहोरो सुविधा नलिएको हुनुपर्नेछ।

च) गोरुको उमेर तिन वर्षको हुनुपर्नेछ।

छ) अनुदान प्राप्त गर्ने किसानले गोरुको अनिवार्य विमा गरेको हुनुपर्नेछ।

ज) एउटा अनुदानग्राहिको दुई भन्दा बढि गोरु भएतापनि एक हल गोरु मात्र गणना हुनेछ।

**७. छनोट तथा कार्यान्वयन समिति**

यस कार्यक्रमको कार्यान्वयन तथा छनोटमर्स्याङ्दी गाउँपालिका पशु सेवा कार्यक्रम कार्यान्वयन समिति द्वारा हुनेछ।

| | | |
|---|---|---|
| क) गाउँपालिका अध्यक्ष | - | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग) आर्थिक विकास समिति संयोजक | - | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| ङ) पशु सेवा शाखा प्रमुख | - | सदस्य सचिव |

**८. अनुगमन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन गाउँपालिकाको कार्यक्रम कार्यान्वयन कार्यदल समिति, अनुगमन समिति, वडा समिति र सम्बन्धित विषयगत शाखाले गर्नेछ।

**९. थपघट वा हेरफेर गर्न सक्नेः**

यस कार्यविधीको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मर्स्याङ्दी गाउँकार्यपालिकाले आवश्यक्ता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

**१०. बाधा अडकाउ फुकाउ**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडचन परेमा कार्यदल समितिको निर्णय समितिले निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ।

अर्जुन गुरुङ
अध्यक्ष

**अनुसूची-१**

**मर्स्याङ्दी गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**भुलभुले, लमजुङ**

**मर्स्याङ्दी गाउँपालिका का गोरुपालक किसानहरुले कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्वन्धी सूचना।**

**<u>प्रथम पटक सूचना प्रकाशित मिति ......................</u>**

प्रस्तुत विषयमा चालु आ.व ............................... मा यस मर्स्यांङदी गाउँपालिका पशु सेवा शाखाको स्वीकृत वार्षिक कार्यक्रममा रहेको गोरु पालक किसानहरुलाई प्रोत्साहन कार्यक्रमका लागि ईच्छुक किसानहरुले सूचना प्राकाशन भएको मितिले २१ दिन भित्र यस पालिका अन्तर्गत को सम्पुर्ण वडा कार्यलय तथा पशु सेवा शाखामा तपशिलको विवरण सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्योहोरा समेत जानकारी गराईन्छ।

तपशिलः

क) नेपालि नागरिकताको प्रतिलिपि-१ प्रति।

ख) कुनै पनिं सरकारी कार्यालयबाट हाते ट्रयाक्टर नलिएको स्वःघोषणा पत्र।

ग) सम्बन्धत वडा कार्यालयको सिफिस पत्र।

घ) हलगोरु सहितको सेवाग्राहिको फोटो एक प्रति।

ङ) विमा अभिलेखको प्रतिलिपि -१ प्रति।

नोटः निवेदन दिने अन्तिम म्याद सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गर्न सकिनेछ।

.........................

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची-२

## निवेदन

मितिः

श्री शाखा प्रमुख ज्यू,
मर्स्याङ्दी गाउँपालिका पशु सेवा शाखा
खुदी, लमजुङ।

विषयः गोरु पालक किसानहरुलाई प्रोत्साहन कार्यक्रममा सहभागी गरिदिने सम्बन्दमा।

प्रस्तुत विषयमा यस मर्स्याङ्दी गाउँपालिका वडा नं......... टोल............... निवासि म ............................... ले विगत........................... महिना/वर्ष देखि नै जोत्ने प्रयोजनको लागि गोरुपालन गर्दै आईरहेको कृषक भएको हुँदा मर्याङ्दी गाउँकार्यपालिकाको कार्यालयलको मिति........................ गते प्रकाशित सूचना बमोजिम गोरुपालक किसाकहरुलाई प्रोत्साहन कार्यक्रममा सहभागि गराईदिनहुन तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

तपशिलः

क) नेपालि नागरिकताको प्रतिलिपि-१ प्रति।
ख) कुनै पनि सरकारी कार्यालयबाट हाते ट्र्याक्टर नलिएको स्वःघोषणा पत्र।
ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
घ) हलगोरु सहितको सेवाग्राहिको फोटो एक प्रति।
ङ) विमा अभिलेखको प्रतिलिपि -१ प्रति।

निवेदक
नामथरः
ठेगानाः
सम्पर्क नं.
दस्तखतः

## अनुसुची-३

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा पत्र

मर्स्याङ्दी गाउँपालिका पशु सेवा शाखाको मिति................................ मा प्रकाशित सूचना अनुसार मर्स्याङ्दी गाउँपालिका वडा नं......................टोल/गाउँ.................................. स्थायी ठेगाना भएको श्री ...............................................................................ले हाते ट्रयाक्टर तथा गोरुपालक कृषकलाइ प्रोत्साहन कार्यक्रम सन्चालनका लागि पेश गरेको व्यवसाय योजनासंग मेल खाने कार्यका लागि विगत २ वर्ष भित्र संघिय सरकार वा प्रदेश सरकारको मातहतमा मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्रबाट तथा स्थानीय सरकारबाट अनुदान नलिएको स्वघोषणा गर्दछु। अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगाएत नियमअनुसारका अन्य सजाय भोग्न समेत तयार छु।

निवेदकको

**निवेदकको**

| दायाँ | बायाँ |
|---|---|
| | |

दस्तखतः

नामथरः

ठेगानाः

सम्पर्क नं.

मितिः

अर्जुन गुरुङ
अध्यक्ष